जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- १९, २०८१ पुस ४ गते विहीबार, 19 Dec. 2024, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

जिससको वार्षिक समिक्षा

समन्वयात्मक भूमिका प्रभावकारी बनाउन प्रदेश प्रमुखको निर्देशन



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले जिल्ला समन्वय समितिले चुस्त, दुरूस्त कार्य सम्पादन गर्न समन्वयात्मक भूमिकामा रहेर निर्देशकको भूमिका निर्वाह गर्न निर्देशन दिएका छन् ।

जिल्ला समन्वय समिति मकवानपुरको वार्षिक समीक्षा कार्यक्रममा बुधबार प्रदेश प्रमुख देवकोटाले यस्तो बताएका हुन् । व्यक्तिले शान्त र एक्लै भएको बेला आफ्नो ब्रम्हले उचित र निष्पक्ष कार्य गरेको स्वमुल्याङ्कन गरेर गर्व महसुस गर्ने गरी काम गर्नु पर्ने देवकोटाले बताए ।

नेपालको संविधान (२०७२) को धारा ३२० ले निर्दिष्ट गरे अनुसार समन्वय समितिको गठनको व्यवस्था छ । यस अनुसार जिल्लामा रहेका स्थानीय तहहरूलाई समन्वयकारी भूमिका निर्वाह गर्न उनले निर्देशन दिए । राज्यका तीनै तहसङ्ग समन्वय, विकास निर्माण अनुगमन, प्रकोप तथा बिपत् व्यवस्थापन समन्वयमा समेत चुस्त रहनु पर्ने उनले सुझाव दिए ।

बागमती प्रदेश अन्तर्गतका १३ वटै जिल्लाको भौगोलिक अवस्था अवलोकन सहित कम्तीमा जिल्ला सदरमुकामसम्म पुग्ने ईच्छा रहेको बताउँदै प्रमुख देवकोटाले जिल्लागत अवस्था बुझ्ने पहिलो मौका मकवानपुरले दिएकोमा खुसी समेत व्यक्त गरे । कार्यक्रममा मकवानपुर जिल्लाका १० वटा स्थानीय तहहरूको वार्षिक कार्य प्रगती अवसर चुनौती तथा आर्थिक सवालमा समिक्षात्मक प्रस्तुती गरिएको थियो ।

कार्यक्रममा मकवानपुरमा रहेर विभिन्न क्षेत्रमा गरेको योगदानको कदर गर्दै १३ बिधाका २४ जनालाई सम्मान गरिएको थियो । पत्रकारीतातर्फ भावना रि जाल तथा गणेश दर्पण अधिकारीलाई सम्मान गरिएको जिल्ला समन्वय अधिकारी शान्ति विश्वकर्माले बताइन् । यसैगरी सहकारी, गैसस, कर्मचारी, बिद्यालय, सामुदायिक वन, स्वास्थ स्वयम सेविकालगायतका विधामा सम्मान गरिएको थियो ।

यसैगरी हालै सम्पन्न पत्रकार महासंघ जिल्ला प्रदेश तथा केन्द्रको निर्वाचनमा मकवानपुर जिल्लाबाट नेतृत्व गरेका पदाधिकारी तथा सदस्यहरूलाई सम्मान तथा बधाइ कार्यक्रम समेत गरिएको छ ।

जिल्ला समन्वय समिति मकवानपुर सभापति ललित घलानको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सभा सदस्य तथा पूर्व मन्त्रीहरू कुमारी मोक्तान, एकालाल श्रेष्ठ तथा पूर्व सांसद प्रेम बहादुर पुलामी समेतको उपस्थिति रहेको थियो ।

पाँच पालिका उत्कृष्ट

मकवानपुर । मकवानपुर जिल्लाको १० वटा स्थानीय तह मध्ये स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्यांकन (लिजा) मा थाहा र मनहरी समान अंकसहित उत्कृष्ट भएका हुन् ।

लिजामा थाहा नगरपालिका र मनहरी गाउँपालिकाले समान ७३.०५ अंक प्राप्तगरि प्रथम स्थान हासिल गरि उत्कृष्ट भएका हुन्। त्यसैगरी हेटौडा उपमहानगरपालिकाले ७१.०५ अंक प्राप्त गरि द्वितीय स्थान हासिल गरेको छ । मकवानपुरगढी गाउँपालिका र कैलाश गाउँपालिकाले समान ७०.०५ अंक प्राप्त गरि तृतीय स्थान प्राप्त गरे छन् । जिल्ला समन्वय समिति मकवानपुरको वार्षिक समीक्षा कार्यक्रममा बुधबार प्रथम द्वितीय र तृतीय स्थान हासिल गर्ने पालिकालाई सम्मान गरिएको छ ।

कमजोर सरकारी नीतिले थलिदै उद्योगहरू

○ सहीखबर संवाददाता

मकवानपुर । हेटौँडा औद्योगिक क्षेत्र देशकै सबैभन्दा ठुलो औद्योगिक क्षेत्र हो । यद्यपि यस औद्योगिक क्षेत्रका उद्योग विभिन्न कारणले समस्यामा देखिएका छन् ।

हेटौँडा औद्योगिक क्षेत्रमा १४८ वटा उद्योग तथा प्रतिष्ठानले जग्गा भाडामा लिएर उद्योग व्यवसाय सञ्चालन गरिरहेका छन् । २ हजार ८२९ रोपनी क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रमा १३६ वटा उद्योग र १३ वटा विभिन्न सरकारी प्रतिष्ठान छन् । जसअनुसार निर्माण सामग्रीजन्य उद्योग ७ वटा, प्लास्टिकजन्य सामग्री उत्पादन गर्ने उद्योग ३१ वटा, विद्युत् तथा विद्युतीय सामग्री उत्पादन उद्योग ४ वटा, खाद्यान्न तथा पेय पदार्थ उत्पादन गर्ने उद्योग १४ वटा, फर्निचर तथा काष्ठ चिरान उद्योग ६ वटा, इन्जिनियरिङ सेवा उद्योग १२ वटा, प्याकेजिङ उद्योग ५ वटा, केमिकल तथा रङरोगन उत्पादन उद्योग ११ वटा, पोल्ट्री तथा दाना उद्योग २ वटा, टेक्सटाइल्स उद्योग एक, खानीजन्य उद्योग ३ वटा, विविध प्रकारका उद्योग १२ वटा छन् । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौँडाका अनुसार हेटौँडा औद्योगिक क्षेत्रमा १२ वटा उद्योग निर्माणाधीन अवस्थामा छन् भने ८ नयाँ उद्योग सञ्चालनका लागि दर्ता भएका छन् । ३ वटा उद्योग बन्द अवस्थामा छन् ।

नेपाल बुअरी, बानियाँ मल्टीप्रोडक्ट्स र ग्रीन बोल्ड इन्टर नेसनल उद्योग बन्द रहेको कार्यालयकी निमित्त प्रमुख सङ्गीता कुँवरले जानकारी दिइन् । कोभिड १९ महामारी तथा आर्थिक मन्दीको मारका कारण देशका अन्य क्षेत्रमा रहेका उद्योगहरु जस्तै हेटौँडा औद्योगिक क्षेत्रका उद्योग पनि थलिएका छन् । कतिपय उद्योग अहिले सरकारी नीति, ऐनकानुनका कारण थप सङ्कट भेल्न बाध्य भएका छन् ।

लगातार ३ वर्षसम्म कोभिड १९ महामारी र आर्थिक सङ्कटको कारण उत्पादन नै ठप्पजस्तै छ । केही उद्योग जसोतसो चलिरहेका छन् भने केही उद्योग अहिले ऐन कानुन, आर्थिक तथा मौद्रिक नीति समयानुकूल हुन नसक्दा थप सङ्कट भेल्न बाध्य छन् ।

करिब १२ वर्ष अघि हेटौँडा औद्योगिक क्षेत्रमा १०० जति उद्योग थिए । तत्कालीन समयमा उद्योग सञ्चालन म्यानुअल्ली हुने गरेको कार्यालयका सूचना अधिकारी रमेशराज नेपालले जानकारी दिए । ती उद्योगमा त्यतिबेला करिब १० हजार जनाले प्रत्यक्ष रुपमा रोजगारी पाएको उनको भनाइ छ । पछि नयाँ उद्योग थप हुँदै जाँदा नयाँ प्रविधिसमेत भित्रिए। परिणामस्वरुप क्रमिक रुपमा रोजगारीको अवसर कम हुँदै गएको देखिन्छ । युवा पलायन, स्वदेशी उत्पादनको कम प्रयोग, ब्राण्डेड सामग्रीको प्रयोगमा मानिसहरुको चासो बढ्दा नेपाली उत्पादनको माग घटिर हेको नेपालले बताए ।

बन्द उद्योगहरुलाई पत्राचार गरेर उद्योग सञ्चालनको वातावरण तयार गर्ने, उद्योगीहरुको गुनासो सुन्ने, स्थानीयस्तरका व्यवस्थापन कार्यका लागि पहल गर्ने लगायतको काम कार्यालयले गरिरहेको सूचना अधिकारी नेपालले बताए । ठुला घरानाका लगानीकर्ताहरुको मुख्य चासो उत्पादनमा भन्दा वाणिज्यमा केन्द्रित भएका कारण पनि उद्योगहरु समस्यामा परेको देखिन्छ । पछिल्लो समय लगानीकर्ताहरु उत्पादनमुखी उद्योगमा भन्दा वाणिज्य तथा खरिद बिक्रीमा केन्द्रित भएको नेपाल बताउँछन् ।

उनका अनुसार औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले विशेष गरी पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छ । सडक, पुल, नहर, ढल तथा भवन निर्माण गरी उद्योगीलाई उत्पादनमा सहजता प्रदान गर्ने काम भइरहेको उनले बताए । बन्द उद्योगहरुलाई पत्राचार गरेर उद्योग सञ्चालनको वातावरण तयार गर्ने, उद्योगीहरुको गुनासो सुन्ने, स्थानीयस्तरका व्यवस्थापन कार्यका लागि पहल गर्ने लगायतको काम कार्यालयले गरिरहेको सूचना अधिकारी नेपालले बताए ।

यस बाहेक उद्योगहरुको उत्पादन वृद्धि, बजारीकरणमा खासै काम गर्न नसकेको उनको भनाइ छ । उद्योगका समस्या नीति निर्माण तहमा पुर्‍याउन कार्यालयले समन्वयकारी भूमिकासमेत निर्वाह गर्दै आएको उनले बताए । विभिन्न समयमा हुने अन्तरक्रिया तथा समीक्षामा उद्योगीहरुको समस्या, गुनासोलाई सम्बोधन गर्न कार्यालयबाट पहलकदमी भएको उनको भनाइ छ ।

कार्यालयले स्थानीय उत्पादनको प्रयोग बढाउने, स्वदेशी उद्योगलाई विद्युत्मा सहुलियत दिने लगायतका विषयमा सम्बन्धित निकायमा प्रस्ताव अघि बढाएको नेपालले बताए ।

५० प्रतिशत उत्पादन कटौती

हेटौँडा औद्योगिक क्षेत्रमा कुल १४६ वटा उद्योग अटाउने क्षमता छ । औद्योगिक क्षेत्रमा १४३ उद्योग सञ्चालनको लागि दर्ता भएकोमा १३६ उद्योगले भौतिक संरचना र पूर्वाधार तयार गरी उत्पादन थालेको हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।

१३१ वटा उद्योगले उत्पादनको काम थालेको उनले बताइन् । अधिकांश उद्योगको उत्पादन क्षमतामा गिरावट आएको कार्यालयकी निमित्त प्रमुख कुँवरको भनाइ छ । हेटौँडा औद्योगिक क्षेत्रका उद्योग जग्गा भाडा विवाद भेल्न बाध्य छन् । हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले २०७५ को निर्णय अनुसार को बढेको जग्गा भाडा भुक्तानीका लागि उद्योगीहरुलाई पत्राचार गरेदेखि विवाद सुरू भएको हो ।

हेटौँडा औद्योगिक क्षेत्रका १५ भन्दा बढी उद्योगले आंशिक रुपमा मात्र उत्पादन गरिरहेका छन् । ती उद्योगले अधिकांश समय उत्पादन बन्द गर्नुपर्ने बाध्यता भेलिरहेका छन् । आंशिक रुपमा सञ्चालनमा रहेका उद्योगले माग आएमात्र उत्पादन गरेर सामान बजार पठाउने गरेका छन् । अन्यथा ती उद्योग बन्द अवस्थामा रहन्छन् ।

सञ्चालनमा रहेका करिब ११० उद्योगको उत्पादन क्षमता ५० प्रतिशत पनि नरहेको निमित्त प्रमुख कुँवरले बताइन् । विभिन्न कारणले ती उद्योगले उत्पादन क्षमता घटाएर काम गरिरहेको उनको भनाइ छ ।

कुनै बेला तीन सिफ्ट सञ्चालन हुने उद्योग अहिले २ सिफ्टमा चलिरहेका छन् भने उत्पादन क्षमतामा पनि भारी कटौती गरेका छन् । उत्पादित सामग्रीले बजार पाउन छोडेपछि उद्योगहरुले उत्पादन क्षमतामा आधाभन्दा बढी दरले कटौती गरेका कुँवरको भनाइ छ । हाल हेटौँडा औद्योगिक क्षेत्रका कुनै पनि उद्योगले क्षमता अनुसारको उत्पादन गर्न सकेका छैनन् ।

कुँवरका अनुसार औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगले प्रत्यक्ष रुपमा ४ हजारभन्दा बढी व्यक्तिलाई रोजगारी प्रदान गरिरहेको छ । सो बाहेक अप्रत्यक्ष रुपमा पनि नागरि कहरुलाई रोजगारी प्रदान गरिरहेको उनको भनाइ छ ।

जग्गा भाडा विवादले भग्नै समस्या

हेटौँडा औद्योगिक क्षेत्रका उद्योग जग्गा भाडा विवाद भेल्न बाध्य छन्। हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले २०७५ को निर्णय अनुसार को बढेको जग्गा भाडा भुक्तानीका लागि उद्योगीहरुलाई पत्राचार गरेदेखि विवाद सुरू भएको हो । जग्गा भाडाको विवाद समाधान हुन नसक्दा औद्योगिक क्षेत्रका उद्योग समस्यामा देखिएका हुन् ।

औद्योगिक क्षेत्र व्यवस्थापन कम्पनी लिमिटेडको २०७५ मङ्सिर ५ गतेको निर्णय अनुसारको भाडा तिर्नुपर्ने भन्दै ४ वर्षपछि कार्यालयले उद्योग प्रतिष्ठानहरुलाई पत्र काटेको थियो । गत साउन २ गते औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयलाई २०७५ देखि नै बढेको भाडा भुक्तानीका लागि पत्र काटेर दबाब बढाएको थियो ।

जग्गा मात्रै कब्जा

लिमिटेडले हेटौँडा औद्योगिक क्षेत्रको कायम भाडा दरमा १३३ प्रतिशत वृद्धि गरेर सोही अनुसारको भाडा भुक्तानीका लागि कार्यालयलाई ताकेता गरेको थियो । सोही अनुसार हेटौँडा औद्योगिक क्षेत्रको प्रतिरोपनी १९ हजार ६९१ रूपैयाँका दरले प्रतिवर्ष भाडा भुक्तानी गर्नुपर्ने भन्दै उद्योगहरुलाई बिल पठाएको थियो ।

कार्यालयले औद्योगिक क्षेत्रका १४९ वटा उद्योग तथा प्रतिष्ठानलाई पत्रसहित १४ करोड रूपैयाँभन्दा बढी रकमको बिल पठाएको थियो। हरेक वर्ष ५ प्रतिशतका दरले जग्गा भाडा दर वृद्धि हुने गरी वार्षिक प्रतिरोपनी ८ हजार ३३१ रूपैयाँका दरले औद्योगिक क्षेत्रका उद्योगले जग्गा भाडा तिर्दै आएका छन् । सो बाहेक कार्यालयलाई उद्योगीहरुले निर्माण शुल्क, प्रवेश शुल्क, नवीकरण, खपत अनुसार बिजुली, पानीको महसुल तिर्दै आएका छन् । हेटौँडा औद्योगिक क्षेत्रका उद्योगहरुले वार्षिक रुपमा भन्सार, म्याट लगायतका शीर्षकमा करिब १३ अर्ब रूपैयाँ राजस्व तिर्दै आएका छन् ।

उद्योग संघ मकवानपुरका पूर्वअध्यक्ष लेखराज पोखरेलका अनुसार हेटौँडासहित जिल्लाभर सञ्चालनमा रहेका विभिन्न प्रकार का उद्योगले सङ्कट भेलिरहेका छन् । कोरोना महामारी, आर्थिक मन्दी लगायतका समस्या भेलेको उद्योग क्षेत्र अझै तङ्ग्रिन नसकेको उनले बताए। विगतको द्वन्द्वकालीन अवस्थाको सामना, भूकम्प, नाकाबन्दी र राजनीतिक परिवर्तनले सिर्जना गरेको जटिल परिस्थितिमा गुज्रनु परेको उनले गुनासो गरे ।

२०८१ पुस ४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक :- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

मानक संचालन कार्यविधि कार्यान्वयन

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ मा व्यवस्था भए अनुसार विदेशमा अलपत्र परेका पिडितहरूको उद्धार गर्ने तथा निजको सहमतिमा स्वदेश फिर्ति गर्ने व्यवस्था भएता पनि हालसम्म यस सम्बन्धी स्वदेश फिर्ति कार्यविधिको अभावमा उद्धार तथा स्वदेश फिर्ति कार्य सिमित संस्थाहरूको पहलको आधारमा मात्र भइरहेको छ । यसोहुदाँ यस सम्बन्धमा नेपाल सरकारको तर्फबाट छुट्टै स्वदेश फिर्ति कार्यविधि अत्यावश्यक छ । मानव बेचविखन, जवरजस्ती करणी, यौनजन्य हिंसा र महिला हिंसाका विविध पक्षहरूलाई निराकरण गर्ने कार्यमा विभिन्न सरकारी तथा गैसरसरकारी संस्थाहरूले राज्यका विभिन्न निकायहरूसंग सहकार्य, समन्वय र छलफल गरी मानव बेचविखन तथा लैङ्गिक हिंसा रोकथामका विभिन्न कार्यक्रमहरू संचालन गरिदैं आएको छ ।

स्वदेश तथा विदेशमा बेचविखनमा परेका महिला तथा बालबालिकाहरूको उद्धार पुनर्स्थापना तथा उनीहरूको अधिकारको संरक्षणार्थ विभिन्न जनचेतानामूलक सञ्चालन गर्दै आएको छ । स्वदेश तथा विदेशमा बेचविखनमा परेकाहरूको उद्धार र स्वदेश फिर्ति प्रकृयामा अस्पष्टता भएको बारे बारम्बार प्रश्न उठ्ने गरेको छ । नेपाल भारत सीमा नाकाहरूमा कार्यरत भारतीय सुरक्षा निकायहरू, नेपाल सरकारका सुरक्षा निकायहरू तथा यस विषयसँग सरोकार राख्ने विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसँग विभिन्न समयमा सहकार्य तथा समन्वय गर्दै आइर हेको तर सबै घटनामा सन्तोषजनक अवस्था छैन ।

नेपाल भारतको सीमा नाका भएर भारतका विभिन्न शहरहरूमा गैर कानूनी तरिकाले मानव बेचविखन तथा ओसार पसारबाट पीडित तथा प्रभावित नेपाली नागरिकहरूको उद्धार तथा स्वदेश स्वदेश फिर्ति र सामाजिक पुनर्स्थापनाका लागि 'मानक संचालन कार्यविधि' निर्माण आवश्यक छ। माइती नेपालले विभिन्न जिल्लामा मानव बेचविखनबाट प्रभावितहरूको उद्धार, स्वदेश फिर्ति र सामाजिक पुनर्थापनाका लागि 'मानक संचालन कार्यविधि' अविलम्ब निर्माण गरी उक्त कार्यविधि कार्यान्वयन आवश्इक छ ।

पीडादायी रजनोवृत्ति यात्रा



प्रतिमा सिलवाल
चितवन

रजनोवृत्तिको सुरुआतसँगै महिलाका शरीरमा हर्मोनहरुको परिवर्तनको सुरुआत हुन्छ । सामान्यतया ४० कटेपछि महिलाहरूको शरीरमा महिनावारीका लक्षणहरू देखिन थाल्छ । डाक्टर पोखरेलका अनुसार रजनोवृत्तिको प्रक्रिया कसैको ३५ लगत्तै पनि हुनसक्छ । तर, त्यसलाई डाक्टरको भाषामा प्रि मेचुअर्ड मेनोपज भनिन्छ ।

किशोरावस्था प्रवेशसँगै छोरीहरूमा हुने महिनावारी र यससँग जोडिएर आएको मर्यादाको विषयमा सार्वजनिक वृत्तहरूमा महिलाहरूले चर्चा गर्न थालेका केही वर्ष भयो ।

महिनावारी भएसँगै निश्चित उमेर पछि महिलाहरूको महिनावारी प्रक्रिया सुक्छ भन्ने आम जानकारी छ । तर, महिनावारी सुक्ने प्रक्रिया रजनोवृत्ति (मेनोपज) मा पुग्दा शरीरमा हुने हर्मोनको उतारचढावका कारण महिलाको शरीरमा कस्ता परिवर्तन आउँछन् भन्ने विषयमा व्यापक छलफल अझै हुन सकेको देखिँदैन ।

महिनावारीको चक्र रोकिने समय आइपुगेपछि महिलाको शरीर मा कस्ता परिवर्तन आउँछ ? जसरी थाहै नपाइ योनीबाट महिनावारी प्रक्रियाको रगत बग्न सुरु भएको थियो, त्यसैगरी सुक्छ त महिना महिनामा योनीबाट रगत बग्ने प्रक्रिया ?

सावित्री भण्डारी चितवनमा बसेर मर्यादित महिनावारीको अभियान चलाउने अभियन्ता हुन् । उनलाई पनि करिब ८ वर्ष अघिसम्म महिनावारी सुक्ने प्रक्रियामा आफ्नै शरीरमा आउने फेरबदलबारे थाहा थिएन ।

५५ वर्षीया भण्डारी अविवाहित हुन् । ४४ वर्षको उमेरदेखि उनलाई पिसाब रोक्नै गाह्रो हुने समस्या भयो । अविवाहित अनि बच्चा नै नजन्माएको मान्छेलाई किन यस्तो भयो ? उनले ठाउँ ठाउँ चहारेर डाक्टरसँग चेकजाँच गरिन् । त्यो समय एउटा मात्रै समस्या समय भएन । कहिले छाती अत्यधिक दुख्न थाल्यो । करङ पनि दुखेजस्तो हुन थाल्यो ।

भरतपुर अस्पतालका वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ प्रा.डाक्टर सुनिलमणि पोखरेलले भनेझैं महिनावारी सुक्ने बेला शरीर को रौंसहित सबै अंग बेठिक भएजस्तो लाग्न थाल्यो उनलाई । तर, त्यो अप्ठ्यारो, दुखाइ महिनावारी सुक्ने प्रक्रियाका कारण भएको भन्ने थाहा थिएन ।

पेट छाती जतातै दुख्न थालेपछि उनी काठमाडौं पुगिन् । टिवी भएको हो कि भनेर विशेषज्ञसँग जँचाइन् । केही समस्या देखिएन । शरीर अझै ठिक थिएन । फेरि वीर अस्पताल पुगिन् । डाक्टरले धेरै जाँच गरेपछि उमेर सोधे कति वर्ष हुनुभयो ? ४४ वर्ष भनेपछि महिनावारी चक्रको बारेमा केही प्रश्न गरे । महिनावारी समयमा नहुने, एकदमै कम रगत बग्ने त उनको समस्या छँदै थियो । सावित्रीको कुरा सुनेपछि डाक्टरले भने, 'तपाईंलाई महिनावारी रोकिने क्रम सुरु भयो । त्यसैको असर हो यो । केही समयपछि ठिक हुन्छ ।'

डाक्टरले भनेअनुसार मानेर घर त फर्किइन् । तर, उनलाई ४३ वर्षदेखि सुरु भएको यो समस्या छिटै ठिक भएन । ४ महिना त हिँड्नै नसक्ने गरी कमजोर बनायो । '४ महिना त सुतेको सुत्यै भएँ', उनले सुनाइन् ।

बिस्तारै ठिक हुँदै जाँदा अर्को समस्या पनि थपियो । एकैछिनअघि सम्झिएको कुरा छिनमै बिर्सिने । 'मलाई त साथीहरूले आफैलाई पनि बिर्सिन्छेस् कि भन्थे । हुन पनि हो । कहिलेकाहीं त मलाई आफ्नै शरीरका अङ्गहरू पनि भुल्छु जस्तो लाग्थ्यो' सावित्रीले भनिन्, '४७ वर्षमा महिनावारी पूर्ण सुकेपछि यी समस्या बिस्तारै कम हुँदै गए ।'

महिनावारी नियमित प्रक्रियामा छँदा महिलाहरूलाई झिँजो लाग्ने, बरु त सुकिदिए पनि हुने भन्ने लाग्ने स्वभाविक जस्तै हुन्छ । राधा पोखरेललाई पनि पहिले त्यस्तै लाग्थ्यो । शिक्षक पनि भएकोले महिनावारी र रजनोवृत्ति चक्रबारे जानकार थिइन् उनी ।

तर, रजनोवृत्ति यात्रा उनको लागि सहज भएन । महिनावारी सुक्ने बेला अत्यधिक रगत बग्न थाल्यो । रगत रोकिँदै नरोकिने समस्या भएपछि उनी डाक्टरकहाँ पुगिन् । 'महिनावारी सुक्न लागेको संकेत भन्ने थाहा भए पनि मलाई सहज रजनोवृत्ति भएन', पोखरेलले भनिन्, 'रगत अत्यधिक बग्ने समस्या भयो । डाक्टरलाई जँचाउँदा पाठेघर ठिक थियो । औषधि खाएर नै रगत रोक्नुपर्ने अवस्थामा पुगें ।'

रगत बग्ने समस्या मात्रै होइन शिक्षक महासंघ चितवनको सहअध्यक्ष, मर्यादित महिनावारी अभियन्ता तथा विभिन्न सामाजिक संघसंस्थामा क्रियाशील उनलाई घरबाट बाहिरै निस्किन नपरे हुन्थ्यो जस्तो लाग्न थाल्यो ।

'जाँगर, शरीरको ऊर्जा सबै सेलाएजस्तो । केही बहाना बनाएर घरै बस्न मन लाग्ने । कसैसँग बोल्नै नपरे हुन्थ्यो जस्तो लाग्ने, उनले भनिन् । 'कतिसम्म भने पढाउन विद्यालय जाँदा विद्यार्थीहरू समेत कोही नबोलेहुन्थ्यो जस्तो लाग्थ्यो ।'

शरीरमा आएका यी परिवर्तनले श्रीमान् श्रीमतीबीचको शारीरिक सम्बन्धमा पनि प्रभाव पार्ने राधाको अनुभव छ । महिलाहरू ४० वर्ष कटेपछि धेरै श्रीमान् श्रीमतीबीच सम्बन्धमा समस्याहरू आउने, सम्बन्ध विच्छेदका घटनाहरू हुने कारण एउटा रजनोवृत्ति पनि हो जस्तो लाग्छ उनलाई ।

'शरीरमा महिनावारी सुक्ने लक्षण देखिन थालेपछि शारीरिक सम्बन्ध पनि राख्न मन नलाग्ने रहेछ', उनले भनिन्, 'श्रीमानले ममा भएको परिवर्तन बुझ्नु भएकोले हाम्रो सम्बन्धलाई व्यवस्थापन गर्न सक्यौं । तर, कतिपय परिवारमा यही कारणले समेत समस्या हुने देखेको छु ।'

रजनोवृत्तिको सुरुआतसँगै महिलाका शरीरमा हर्मोनहरुको परिवर्तनको सुरुआत हुन्छ । सामान्यतया ४० कटेपछि महिलाहरूको शरीरमा महिनावारीका लक्षणहरू देखिन थाल्छ । डाक्टर पोखरेलका अनुसार रजनोवृत्तिको प्रक्रिया कसैको ३५ लगत्तै पनि हुनसक्छ । तर, त्यसलाई डाक्टरको भाषामा प्रि मेचुअर्ड मेनोपज भनिन्छ ।

पाठेघरको माथिपट्टि दुई साइडमा डिम्बाशय हुन्छ । महिलाहरूको महिनावारी हुने वा रोकिने दुवै प्रक्रियाको हर्मोन उत्पादन गर्ने डिम्बाशयले हो । यो अङ्गले बिस्तारै हर्मोन उत्पादन बन्द गर्न थालेपछि महिलाहरूले शारीरिक व्यायाम, खानपान तथा जीवनशैली मार्फत शरीरलाई सन्तुलनमा राख्नुपर्ने डाक्टर पोखरेल बताउँछन् ।

यस्तो अवस्थामा एउटा मात्रै समस्या होइन व्यक्ति अनुसार फरक फरक समस्या उत्पन्न हुन सक्छ । जस्तो महिला उद्यमी मञ्च नेपालकी बागमती प्रदेश प्रतिनिधि अर्पणा प्रधानलाई भने महिनावारी नै अनियमित भएको छ ।

उनी दैनिक मिनी प्याड राखेर हिँड्न थालेकी छन् । यो महिना पनि २८ दिन पर महिनावारी धकेलिएको छ । 'महिनावारी भएको हो कि, भएको हो कि भन्दै हिँड्न जति सकस के होला', उनले भनिन्, 'यो महिना मेरो २८ दिन महिनावारी धकेलिएछ । मिनी प्याड लगाएर हिँड्ने गरेको छु ।'

त्यस्तै मोती कँडेल ४२ वर्षकी भइन् । अहिले उनलाई महिनावारी रोकिने चक्र सुरु भएको अनुभूति हुन थालेको छ । अहिले जाडो महिना छ । तर, मोतीलाई एकैछिनमा चिटचिट पसिना आउँछ । शरीर तातिएको अनुभव हुन्छ । लगाएको ज्याकेट खोलेर एकातर्फ मिल्काउँछिन् । त्यसपछि एकैछिनमा शरीर शीतल भएको महसुस हुन्छ ।

त्यतिमात्रै होइन एकैछिनमा टनटनी टाउको दुख्छ । यतिधेरै दुख्छ कि मज्जाले बान्ता भएपछि टाउको दुख्न रोकिन्छ । सधैं नियमित महिनावारी हुने उनको महिनावारी पनि कहिले डेढ त कहिले दुई महिनामा हुन थालेको छ । 'मेरो आमाको ४५ वर्षमा महिनावारी सुकेको हो', उनले भनिन्, 'म ४२ वर्षको भएँ । अब मेरो पनि महिनावारी रोकिन यस्तो भएको हो कि ।'

२०८१ पुस ४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

“सुन्दर परिवारको सपना ध्वस्त भयो”



नविन काजी राई

१४ वर्षकै उमेरमा विवाह हुनु, १५ वर्षकै उमेरमा पहिलो सन्तान जन्माउनु, लगत्तै दोस्रो सन्तान जन्माउनु । अनिमात्रै ९ कक्षाबाट पढ्न सुरु गर्नु । दुई बच्चालाई लिटो खुवाउँदै, स्तनपान गराउँदै २०५७ सालमा एसएलसी पास गर्नु । अनि काठमाडौं आउनु । आईए पढ्नु । यसपछि ब्याचलर पढ्दै स्कुल पढाउनु ।

अनि मजदुरको रुपमा कोरिया जानु । १४-१६ घण्टा काम गर्नु । सन्तानलाई पढाउनु । श्रीमानलाई खर्च पठाउनु । बचेखुचेको आधा घण्टा फुर्सदमा किताब लेख्नु । अनि लेखकको परिचय बनाउनु । बितेको तीन दशकमा लेखक प्रगति राईका प्रगति विवरण यिनै हुन् । उनले कोरियामा लेखेको चर्चित उपन्यास हो, ‘लेखकको स्वास्नी’ । यसअघि नै उनले ‘वादी विज्ञप्ति’ कविता संग्रह सार्वजनिक गरेकी थिइन् । उनको पछिल्लो उपन्यास हो, ‘थाग्रा’ । भोजपुरकी लेखक राई पाँच वर्ष कोरियामा रहँदैखेरि उनका श्रीमान लेखक राजन मुकारुङले ‘दमिनी भिर’ उपन्यासमार्फत् मदन पुरस्कार पाए । मुकारुङले प्राप्त गरेको सफलताको पछाडि कहीं न कहीं श्रीमतीको रुपमा लेखक राईको त्याग र समर्पण नहुने कुरा भएन । यद्यपि विगत पाँच वर्षदेखि मुकारुङ र राई सँगै छैनन् । उनीहरु छुट्टिएर बसेका छन् । लेखक राईका अनुसार श्रीमान उनीसँग टाढिनुको कारण अर्को सम्बन्ध हो ।

राई भन्छिन्, ‘खै होला, हल्ला त्यस्तै छ । अब मलाई अगाडि ल्याएर चाहिँ देखाएको छैन ।’ खैर, लेखक राई र मुकारुङको व्यक्तिगत जीवनको प्रसंगमा धेरै चियोचर्चो नगरौं । राईले भोजपुरदेखि काठमाडौं, काठमाडौंदेखि कोरियासम्म गरेको संघर्ष, त्यही संघर्षबीच फक्रिएको उनको लेखन र लेखनले बनाएको उनको बेग्लै पहिचानमा यो कुराकानी केन्द्रित छ । लेखक प्रगति राईसँग नेपाल प्रेसका लागि नवीनकाजी राईले गरेको कुराकानीको सम्पादित अंश-

अचेल के काममा व्यस्त हुनुहुन्छ ?

‘थाग्रा’ उपन्यासले उठाएको मुद्दालाई कसरी व्यवहारमा लागू गर्न सकिएला भनेर अध्ययन गरिरहेकी छु । छोरीलाई अंशको अधिकार कानूनमा मात्रै भयो, व्यवहारमा भएन भनेर रिसर्च गरिररहेकी छु । यसपछि एउटा नयाँ किताब लेख्छु ।

‘लेखककी स्वास्नी’ त कोरियामा हुँदै लेख्नुभयो है ?

लेख्न त यतै लेखिसकेकी थिएँ । पछि फाइल हराएपछि पुनर्लेखन गरेकी हो । त्यहाँ त समय नै हुन्न । दिनभरि काम, रातभरि थकान । आधा घण्टा जतिमात्रै लेख्ने हो । लेख्ने समय नै हुँदैन । म्याच्युर्ड एजमा निद्राले चाँडो छोड्दो रहेछ । त्यो उमेरमा त निद्रा नै अति धेरै लाग्ने । पछि किताब फाइनल गर्ने वेला चाहिँ तीन महिना काम नै छाडें ।

यो किताब २०६९ सालमा छापिएको हैन ?

हो, राजन मुकारुङले मदन पुरस्कार पाउनुअघि नै छापिएको हो । किनभने यो किताबमा एउटा प्रसंग छ । त्यसमा लेखकले भन्छ, ‘अब चाहिँ पुरस्कारको लागि किताब लेख्छु । त्यो पैसाले एउटा घर बनाउँछु । अनि बाँकी रहेको पैसाले राम्री केटी विवाह गर्छु ।’

पछि त ठ्याक्कै त्यस्तै भयो । मैले किताबमा यस्तो लेखेकी छु भनेर ख्यालै नगरेकी रहेछु । साथीहरुले किताबको फोटो खिचेर पठाउँदै भन्छन्, ‘यो प्रसंग त ठ्याक्कै वास्तविक जीवनमा मिल्यो त’

किताबमा चाहिँ के सन्दर्भमा यस्तो लेख्नुभएको थियो ?

सन्दर्भ त खासै केही थिएन । लेखकको जिस्कने बानी हुन्छ । अनि लेखककी स्वास्नीले भन्छे, ‘अब पुरस्कारको लागि लेख्दा त किताबको सन्दर्भ नै बिग्रियो भनेको होइन ?’

लेखकले भन्छ, ‘पुरस्कार नपाई त कसैले नटेर्ने रै’छ । मैले जति लेखे पनि मान्छे पुरस्कारको पछि कुद्छन्, आफ्नै मान्छेले टेर्दैनन् । अब चाहिँ म राष्ट्रिय पुरस्कार जित्ने किताब लेख्छु । अनि त्यो पुरस्कारको पैसाले मज्जाको घर बनाउँछु । अनि बाँकी रहेको पैसाले राम्री केटी ल्याउँछु ।’ अचेल साथीहरुले जिस्काउँछन्, कसरी यस्तो मिल्यो भनेर । त्यसवेला यस्तो हुन्छ भनेर सोचिएको पनि थिएन । कहिलेकाहीं संयोग मिल्न जान्छ ।

मजदुरको रुपमा कोरिया बसाइ कस्तो रह्यो ?

पहिलो वर्ष धेरै गाह्रो भयो । आफू यहाँ टिचिङ गर्ने मान्छे । स्यालरी नभए पनि रेस्पेक्ट थियो नि । भलै पेट भोको होला । त्यहाँ गएपछि बोसले ‘आज राम्रो काम गऱ्यौ, तिमीहरुलाई म मीठो खानेकुरा खुवाउँछु’ भन्थे । यस्तो सुन्दा एकदमै पछुतो महसुस हुन्थ्यो । के थिएँ, के भएँ जस्तो लाग्थ्यो ।

लेखकको रुपमा कोरिया बसाइ कस्तो रह्यो ?

त्यो वेलासम्म कोरियामा लेख्नेहरुको कुनै संगठन थिएन । त्यहाँ गएपछि पुराना दाइहरुसँग मिलेर चारपाँच जना मिलेर नेपाली साहित्य समाज गठन गऱ्यौं ।

लेखकको श्रीमतीको रुपमा कोरिया बसाइ कस्तो रह्यो ?

उस (राजन मुकारुङ)ले एउटा उचाइ प्राप्त गरून् भन्ने मेरो एउटा सपना थियो । मलाई भनेका थिए, ‘म पनि विदेश जान्छु, दुई जना भएर छिटिछिटो पैसा कमाऔं ।’ मैले सोचें, यो ठाउँसम्म पुगिसकेको मान्छे किन विदेशिनुपऱ्यो ? अनि भनें, ‘तिमी लेखककै रुपमा स्थापित हौ, अब छोराहरु ठूल्ठूला भइसके । अब तिनले पनि कमाइहाल्छन् । हामीलाई सम्पत्ति थुपार्नु छैन, अहिले लेखनको रुपमा जुन काम गरिरहेका छौ, त्यसलाई निरन्तरता देऊ ।’ त्यसवेला विदेश जाऊ भनेर भनेको भए धनी भइन्थ्यो होला ।

आर्थिक हिसाबले कोरिया बसाइ कस्तो रह्यो ?

सम्पत्ति थुपार्न सकिएन । छोराहरु पढाउनलाई टेन्सन भएन । मैले उनीहरुको चाहना सजिलै पूरा गर्न सकें । मैले छोराहरुलाई भोको राखें भनेर चित्त दुखाउनु परेन । मेरो श्रीमानको लागि यति गरिदेऊ भनेर कसैलाई ढोग्नु परेन ।

तपाईं आफैंमा राम्रो लेखिका हुनुहुन्छ, तर ‘लेखक राजन मुकारुङकी श्रीमती’ भनेर सम्बोधन गरिँदा आफ्नो लेखकीय क्षमता छायाँमा परे जस्तो लाग्दैन ?

समाजले जे भनून्, मलाई जिरो नै भनून् चित्त दुख्दैन । हो, मलाई धेरैले त्यसरी सम्बोधन गर्छन् । कतिपयले त के भन्थे भने ‘राजन दाइले लेखिदिएको हो ।’ त्यसो भनिँदा मेरो जवाफ हुन्थ्यो, ‘मानिलिउँ प्रगति राईको ठाउँमा तपाईंको नाम लेख्नुस्, मलाई केही फरक पर्दैन, तर यो किताबले के चाहिँ भनिरहेको छ ? यसको मुद्दा के हो ? त्यो चाहिँ हेरिदिनुस् ।’

तपाईंले आफ्नो परिचयकै लागि किताब लेख्नुभएको होला । त्यस्ता भनाइले मनमा ठेस पुऱ्याउला नि ?

ठेस पुऱ्याउँथ्यो नि । कति दु:ख गरेर लेखिएको हुन्छ । यही काम ‘तैंले होइन, फलानाले गरिदिएको हो’ भनिदिँदा जसलाई पनि ठेस पुगिहाल्छ नि । यही विषयमा कहिलेकाहीं हामीबीच विवाद पनि हुन्थ्यो । म टिचिङ गर्थें । शनिबार पनि मिटिङ राखिदिन्थे । बाहिरतिर निस्कनै पाउँदिन थिएँ । कतै कविता गोष्ठी हुँदा खुरर्र गएर वाचन गर्थें । अनि हिँडिहाल्थें ।

अनि मैले नै लेखेको हो भनेर मान्छेले विश्वास नै गर्दैन थिए । उसले पनि कहिलेकाहीं भन्थ्यो, ‘तिम्रो हरेक कविता मैले एडिट गरेको छु ।’ म भन्थें, ‘तिमीले एडिट गरिदिएको लाइन कसले मन परायो त ? तिम्रो एडिट आवश्यक छ कि छैन, आफ्नो मूल्यांकन आफैं गर ।’

अहिले पनि धेरैजसोले मलाई चिनाउँदा ‘फलानोकी श्रीमती’ भन्छन् । उनीहरुलाई मेरो जवाफ हुन्छ, ‘मेरो पनि नाम छ हौ’ सम्बोधनमा फलानोको श्रीमती होइन, लेखक प्रगति राई भन्न सक्नुपऱ्यो ।

राजन मुकारुङसँग साह्रै सानैमा बिहे भयो है ?

म जे जे कुराको भोको थिएँ, सासूआमाले त्यही कुरा पूरा गराउँछु भनेपछि म लोभिएँ । विवाह भनेको यत्रो ठूलो कुरा रहेछ, त्योवेला मलाई सामान्य लाग्यो । उहाँको छोरासँग विवाह गरेपछि यति धेरै चाहना पूरा हुने रैछ भन्ने भ्रम सृजना भएपछि हुन्छ भनें ।

कति वर्षकी हुनुहुन्थ्यो ?

१४ वर्षकी थिएँ । सानैदेखि अलि महत्वाकांक्षी थिएँ । एउटा स्थान बनाउँ भन्ने सोच अवचेतनमा थियो । किनभने अरुलाई फकाउँदा ‘सुन दिन्छु, तँलाई पैसा दिन्छु, गुन्युचोलो दिन्छु’ भन्थे, तर मलाई सासूआमाले भन्नुभयो, ‘तिमी यहाँ १० कक्षासम्म पढ । १० कक्षा पढ्नासाथ तिमीलाई म काठमाडौं पढ्न पठाउँछु । त्यसपछि विदेश पढ्न चाहन्छौ भने विदेश पनि पठाउँछु । यो घरको मान्छे सबैजना विदेश पढ्ने छन् । संगीत साहित्यको क्षेत्रमा जान्छौ भने पनि त्यता मान्छे छन् । आर्मी पुलिस हुन्छौ भने पनि यो घरका सबै मान्छे छन् ।’ अनि त म लोभिएँ । मलाई पहिचानको भोक थियो के ।

बिहेपछि तपाईं घरमै थन्किनुभएन, एसएलसी दिएर, काठमाडौं आएर लेखक हुनुभयो है ?

यो चाहिँ भोकको कारण हो । म केही हुन्छु, केही गर्छु, म जन्मेकै यतिका लागि मात्र होइन । विवाह गर्र्न, छोराछोरी जन्माउन मात्रै जन्मिएको होइन भन्ने सोच पहिल्यै थियो । अर्को कुरा के भने आफूले खोज्दै गयो भने संयोगहरु मिल्दै जाने रहेछ ।

८ कक्षादेखि माथि पढ्नै सक्दिनँ जस्तो भएको थियो । बच्चा दुईजना थिए । घरको सबै काम गर्नुपर्थ्यो । पढ्नलाई समय नै हुन्नथ्यो । पढ्न सक्दिनँ झैं भएको थियो । त्यस्तो वेला बहिनीले भनिन्, ‘तिमी पढ दिदी, म जे लेख्छु तिमी त्यही सार ।’

अनि माइतीमा गएर पढें । बहिनी र मेरी आमाले साथ दिनुभयो । सासूआमाको त खै के भन्ने । सरकारले यसो गर्छु, उसो गर्छु भन्छ, पछि केही गर्दैन नि । त्यस्तै भयो । मेरी आमाले चाहिँ भन्नुभयो, ‘तँ के देखेर बिहे गरिस्, म जान्दिनँ, तर तेरो श्रीमान पढ्दै गएर एउटा स्थानमा जान्छ । अनि त्यसवेला श्रीमानको लेभलको सुहाउँदो तँ हुन्नस् । तँ तेरो श्रीमानको लेभलको हुने इच्छा छ भने आइज, पढ ।’

अनि ‘हो त’ भनेर फेरि पढ्न गएँ । अनि ९ कक्षा सकें । १० पढ्ने बेला श्रीमानको घरमै जानु पऱ्यो । स्कुलमा पूरा विषय पढ्न नपाइने । अंग्रेजी, गणित र विज्ञानमात्रै पढेर घर फर्किन्थें । एसएलसीपछि श्रीमानले काठमाडौं पढ्न आऊ भन्नुभयो । अनि काठमाडौं आएँ ।

काठमाडौंमा श्रीमती र आमाको रुपमा गरेको संघर्ष अहिले सम्झँदा कस्तो लाग्छ ?

बरु गाउँमा सजिलो थियो । काठमाडौंमा झनै गाह्रो भयो । भएभरका कवि, लेखक सबै घर कै मान्छे जस्ता थिए । तिनलाई भात पकाउनुपर्थ्यो । तिनले मातेर सोफामा बोमिट गरेको सोहोर्नुपर्थ्यो । दराज, फ्रिजतिर पिसाब फेरिदिन्थे, सफा गर्नुपर्थ्यो । तिनीहरु

बाँकी पेज ४ मा

२०८१ पुस ४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

सुन्दर परिवारको सपना . . .

अहिले उपसचिवसम्म भएका छन्, तर अचेल हाइसम्म पनि भन्दैनन् ।

कोठाको बसाइ थियो । होहल्लाले कोठामा बस्नै नसकिने । 'मेरो भोलि जाँच छ, तपाईंहरु चुपचाप सुतिदिनुस्' भन्दा पनि सुत्दैन थिए । रातभर उफ्रिन्थे, कराउँथे । यस्तो डिस्टर्ब वातावरणमा बसें । पछि पछि त मलाई डिप्रेसन भएछ । एकदमै धेरै बिर्सन थालें । बच्चाहरुको कपी चेक गरेर नम्बर जोड्नुपर्ने, तर नम्बरको हिसाब कता के हुने हुने । यसले स्कुललाई पनि अप्ठेरो भयो । अभिभावकको धेरै कम्प्लेन आयो ।

घरको मान्छे भने हराएपछि हराएको हरायै गर्ने । घर आउँदा बजार नै उठेर आउने । एक दिन खाना पकाएर बसिरहेकी थिएँ । एउटा कथा लेख्न मन लाग्यो । कोठामा चुरोट जतातै लडिरहेको हुन्थ्यो । रक्सी पनि हुन्थ्यो । मैले एउटा चुरोट लिएँ । रक्सी पनि सारिहालें । पहिलो पटक चुरोट पिएकी थिएँ । त्यो चुरोटले यति धेरै भनन बनायो कि त्यही रन्कोमा 'लेखककी स्वास्नी' भनेर कथा लेखें ।

एक दिन स्कुलबाट आउटिङ जाँदा बसको सीटमा बस्दाबस्दै 'लेखककी स्वास्नी' लाई उपन्यास बनाइदिउँ भन्ने सोच आयो । जब त्यस्तो सोच आयो, म त अचानक फ्रेस भएँ । लेखनले मान्छेलाई त्यसरी फ्रेस बनाउँदो रहेछ । त्यसपछि मेरो दिमाग पनि ठीक ठाउँमा आयो ।

लेख्नुको मजा के हो ?

भ्रममै भए पनि एउटा सुख महसुस गर्नु हो । भ्रमले जीवनलाई सुख दिए जस्तो लाग्छ भने जीवनमा भ्रम नै सही हुन्छ । मान्छेले भ्रममा नबाँच्नु भन्छ, तर जीवन काट्न भ्रम पनि आवश्यक कुरा हो ।

कवि लेखकलाई नजिकबाट नियाल्नुभयो, तपाईंलाई कवि लेखकहरु कस्ता लाग्छन् ?

कवि लेखकहरु क्षणिक बाँच्छन् जस्तो लाग्छ । उनीहरुसँग टुक्रा-टुक्रा जीवन हुन्छ । त्यो टुक्रा-टुक्रा जीवनमा पूर्ण जीवन बाँचिरहेका हुन्छन् जस्तो लाग्छ । उनीहरु अगाडि जे आउँछ, त्यो बाँच्छन् । त्यसपछि के आउँछ, त्यो बाँच्छन् । टुक्रा-टुक्रा जीवन बाँचेर रुमाल जस्तो जीवन बनाइरहेको हुन्छन् जस्तो लाग्छ ।

परबाट हेर्दा चाहिँ तपाईंको पारिवारिक जीवनमा एकदमै धेरै आरोहअवरोह देखिन्छ नि ?

मैले संस्मरण लेखें भने एकदमै मीठो बन्ने खालको छ मेरो जीवन । कहिल्यै सलल बगेको छैन । विवाहपछि यति धेरै उथलपुथल भयो कि मेरो जीवन भोग्न लायकको भन्दा पनि लेख्न लायकको चाहिँ छ ।

भोग्न लायकको चाहिँ'. । जुन अवस्थामा जे हुनुपर्ने थियो, त्यो छैन । जुन अवस्थामा साथ हुनुपर्ने हो, त्यो अवस्थामा साथ छैन । जुन अवस्थामा सिंगल हुनुपर्ने हो, त्यो अवस्थामा सिंगल थिएन ।

अहिले पारिवारिक जीवन चलिरहेको छ ?

व्यक्तिगत कुरा गर्ने हो भने अहिले मसँग नाति छ । छोराहरु हुर्काउँदाभन्दा नाति हुर्काउँदा छुट्टै अनुभव हुनेरहेछ ।

राजन मुकारुङसँग सम्पर्क त हुन्छ ?

सम्पर्कभन्दा पनि यस पटकदेखि 'नातिको स्कुलको फी तिर्नु है' भनेर भनेकी छु ।

तपाईंले 'लेखककी स्वास्नी'मा लेखेको सन्दर्भ अहिले वास्तविक जीवनमै लागू भइरहेको छ है ?

अहिले ऊसँग को छ, के छ मलाई थाहा छैन, तर परिवारलाई सुन्दर बनाउँछु भन्ने मेरो जुन सपना थियो, त्यो चाहिँ ध्वस्त भयो । जसले गर्दा म तीनचार वर्ष एकदमै गाह्रो अवस्थामा पुगें । आफूलाई सामान्य ट्र्याकमा ल्याउन समय लाग्यो । 'म मेरो बाटोमा निरन्तर हुन्छु, मसँग आउने सम्बन्ध जोडिए पनि टुटे पनि कुनै फरक पर्दैन' भन्ने सोच भएको म जस्तो मान्छेलाई त यस्तो गाह्रो हुनेरहेछ । कोहीविना बाँच्नै सक्दिनँ भन्नेहरुलाई सम्बन्ध टुट्दा कति गाह्रो होला ।

तपाईंहरु सँगै नरहनुमा तपाईंको आफ्नो चाहिँ कमजोरी छ कि छैन ?

मेरो कमजोरी नि होला । हरेक गल्ती आफूबाट सुरु हुन्छ भनेर कोरियामा गएर सिकें । अरुले गर्दा यस्तो भएँ भनेर कहिल्यै भन्नुहुन्न । गल्ती आफूबाट सुरु हुन्छ । त्यो गल्ती मबाट सुरु भयो । किनभने म श्रीमतीको रुपमा रहन सकिनँ । श्रीमती भनेको चाहिँ सधैं ओछ्यानमा अभाइलेभल हुनुपर्दो रहेछ । म त कहिले कथा खोज्न पश्चिम गएको छ, कहिले विदेश गएको छ ।

गुनासो केही छ ?

गुनासो केही छैन । एक बारको जुनी हो, यो जुनीलाई एकै तरिकाले जिउनुपर्छ भन्ने मान्यता म राख्दिनँ । यो एकबारको जुनीलाई हरेक तरिकाले बाँच्नुपर्छ ।

सायद अहिले उसको प्रेम मसँग होला, तर सँगै हुँदा त्यस्तो महसुस हुँदैन । कहिलेकाहीं उसले जिस्किएर भन्थ्यो, 'खासमा म कसलाई प्रेम गर्छु ?' म भन्थें, 'तिमीसँग भएको सर्वश्व कसलाई दिउँ जस्तो लाग्छ, तिमी उसैलाई प्रेम गर्छौ ।' अनि उसले भन्थ्यो, 'त्यो त तिमीलाई नै दिउँ जस्तो लाग्छ ।' अनि म भन्थें, 'उसो भए मसँग प्रेम गर्छौ नि ।'

तपाईंको अहिलेसम्मको बुझाइमा सम्बन्ध भनेको के रहेछ ?

सम्बन्ध स्वार्थपूर्ण हुँदोरहेछ । त्यो ठाउँमा मबाहेक अरु कोही नहोस् भन्ने लाग्दोरहेछ । त्यसैले त दोस्रो मान्छे आउनासाथ सम्बन्ध टुट्यो । खासमा टुट्नुपर्ने केही छैन नि । कहिलेकाहीं मान्छेबाट गल्ती पनि हुन्छ, तर त्यस्तो गल्ती स्वीकार्नै नसक्ने चिज चाहिँ सम्बन्ध रहेछ ।

माया भनेको चाहिँ के रहेछ ?

माया भनेको आफू नरित्तिएसम्म दिइरहन मन लाग्ने चिज रहेछ । जिरोसम्मै झरे पनि बाँकी रहेको त्यही जिरो पनि सुम्पिदिऊँ लाग्ने चिज माया रहेछ । म त मसित दिनलाई केही थोक भए अझै दिउँ झैं लाग्छ नि । अब त भए पो दिनु । दिनुपर्ने सबथोक दिइसकें ।

नेपाल प्रेसबाट सभार



सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ पुस ४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

अलपत्र आयोजना बैक

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशले पनि योजनाहरु 'आयोजना बैंक' मार्फत समेट्ने भएको छ । एक महिनाभित्र बैंक स्थापना गरी योजनाहरु समेट्ने तयारी भइरहेको वागमती प्रदेश नीति तथा योजना आयोगले जनाएको छ ।

राजधानीमा 'आर्थिक वर्ष २०८१।८३ जिल्लास्तरीय वार्षिक योजना तर्जुमासम्बन्धी गोष्ठी' कार्यक्रमका अवसरमा आयोगले आयोजना बैंकबारे जानकारी दिएको हो । आयोजना बैंक कार्यान्वयनमा आएसँगै बैंकमा परेका योजनाहरु प्राथमिकताका आधारमा छानिने र छानिएका योजनाको प्रगतिसमेत हेर्न सकिने व्यवस्था हुने आयोगका उपाध्यक्ष गंगादत्त नेपालले बताए ।

'यो सबै भएका योजनाहरुको कति लिस्टिङ गर्न सकिन्छ, ती योजनाहरु प्राथमिकताका आधारमा छान्ने बैंक हो,' उनले भने, 'र पछि त्यसको प्रगति पनि हेर्न पाइन्छ ।' कार्यान्वयनमा गएका योजनाको नियमन गर्ने साधन भएकाले प्रदेशमा बागमतीले पहिलो पटक सुरू गर्न लागेको समेत नेपालले जनाए । उक्त बैंक कार्यान्वयनले जथाभावी दुक्रे तथा खल्तीका योजना नपर्ने उनको भनाइ छ । 'सायद एक महिनाभित्रमा त्यो सुरू गर्छौं । यसले केही न केही परिवर्तन ल्याउँछ भन्ने छ । यो स्थानीय निकाय र केन्द्रमा हुन्छ,' उनले थप भने ।

प्रदेश सरकारको योजना तर्जुमा र छनोट प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन बैंक स्थापना गर्ने तयारी गरिएको आयोगका सचिव केशवराज सुवेदीको भनाइ छ । 'कार्यसम्पन्न भएका वा आयोजना बैंकमा समावेश भएको कुनै आयोजना पाँच वर्षभित्र कार्यान्वयनमा नआए सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारको निकायको परामर्शमा आयोगले हटाउन सक्नेछ,' उनले भने, 'अहिले हामी आयोजना बैंकको सफ्टवेयर निर्माणको चरणमा छौं । यो महिनाभित्र सुरू गर्छौं ।'



आयोजना बैंकका लागि बागमती सरकारले विगतदेखि प्रयास गर्दै आएको थियो । जसमा वार्षिक आयोजना छनोट कार्यविधि, २०७८ मा आयोजना बैंकको व्यवस्था गरिएको र वागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालन दिग्दर्शन, २०७८ जारी गरिएको उनले बताए ।

आयोगले आयोजना बैंक सञ्चालन र आगामी आर्थिक वर्षका लागि बजेटका लागि १३ जिल्लाका ११९ पालिकाबाट सुझाव संकलन गर्ने उद्देश्यअनुरूप उक्त गोष्ठी सञ्चालन गरिरहेको छ, जसअनुसार आयोगले उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुरलाई केन्द्रित गर्दै सोमबार वागमती प्रदेशसभा सदस्यको सहभागितामा पाँचौं गोष्ठी आयोजना गरेको थियो ।

गोष्ठीमा काठमाडौंबाट नागार्जुन, बूढानीलकण्ठ, शंकरापुर, चन्द्रागिरि, कागेश्वरी मनहरा र गोकर्णेश्वर नगरपालिकाका प्रतिनिधिले सुझाव प्रस्तुत गरे । यसैगरी ललितपुरबाट भने वागमती र महांकाल गाउँपालिकाका प्रतिनिधिले सुझाव राखेका थिए ।

सुझावमा बूढानीलकण्ठ नगरपालिकाले आयोजना बैंक सञ्चालनमा आयोगले स्थानीय तहका लागि तालिम प्रदान, प्रविधि तथा जनशक्ति सहयोग र क्षमता विकास गरिनुपर्ने सुझाव प्रस्तुत गरेको थियो । साथै, आयोगले केन्द्रीय योजना आयोग र स्थानीय तहबीच समन्वय गर्ने र एक रुपताका लागि नीतिगत व्यवस्था गर्नुपर्ने सुझाएको थियो । यसैगरी अन्य पालिकाले पनि आयोजना बैंक सञ्चालनका लागि वित्तीय स्रोत व्यवस्थापन, अनुगमन र मूल्यांकनका लागि दक्ष जनशक्ति तयार गरिनुपर्ने सुझाव प्रस्तुत गरेको थियो ।

यसैगरी,गोष्ठीमा पालिकाहरुले आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गर्दा आर्थिक विकास, रोजगारी सिर्जना, स्थानीय उद्यम प्रवर्द्धन, गरिबी न्यूनीकरण र प्राकृतिक प्रकोप व्यवस्थापनमा ध्यान दिनुपर्ने सुझाव आयोगसमक्ष राखे । साथै वागमतीको आगामी बजेटले व्यावसायिक कृषि, पर्यटन प्रवर्द्धन र सडक पूर्वाधारको विकास गरिनुपर्ने बताएका थिए ।

पालिकाहरुले प्रदेशबाट उपलब्ध हुने विशेष, समपूरक र ससर्त अनुदानका आयोजना छनोट तथा कार्यान्वयनसँग सम्बन्धित प्रमुख तीन समस्या र समाधानका उपायहरुसमेत दिए, जसमा आयोजना सम्पन्न गर्न नसकिने गरी बजेट व्यवस्थापनको समस्यामा आयोजनाको लागत अनुमानका आधारमा सम्पन्न हुने बजेटको व्यवस्था गरिनुपर्ने, आयोजनाको बजेट सुनिश्चितता, ससर्त अनुदानलाई समानीकरणको अनुदानका रुपमा पठाउनुपर्ने लगायत सुझाव आयोगसमक्ष प्रस्तुत गरिएको थियो ।

यससम्बन्धमा आयोगले ६८ पालिका र ७ वटा जिल्ला समन्वय समितिबाट सुझाव संकलन गरिरहेको आयोग सचिव सुवेदीले जानकारी दिए । 'अहिलेसम्म बजेटमा पकेट कार्यक्रमलाई छनोटलाई रोक्नुपर्ने, स साना दुक्रे योजनालाई निरूत्साहित गर्नुपर्नेजस्ता साझा सुझाव आएको छ,' उनले भने ।

आयोगले चिंतवन र मकवानपुरमा गोष्ठी गर्न बाँकी छ । गोष्ठीको सम्पन्नपछि प्रदेश सभाका सदस्य बसेर छलफल गरी आएका सुझाव नीति तथा योजनामा समावेश हुने आयोगका उपाध्यक्ष नेपालले बताए ।

'अहिलेसम्म भौतिक पूर्वाधार भन्दा कृषि, पर्यटन, रोजगारमा जानुपर्छ भन्ने सुझाव आएको छ,' उनले भने, 'यहाँसम्म आइपुग्दा धेरैको सुझाव हाम्रो आफ्नै रोजगारी कसरी सृजना गर्ने र आयआर्जन कसरी गर्ने खालको विषय अगाडि बढेको छ ।' आगामी आर्थिक वर्ष वागमतीको बजेट पूर्वाधारभन्दा पनि कार्यान्वयनमा जान सकिने, पर्यटन, रोजगारमूलक, सामाजिक विकाससँग बढी सम्बन्धित ल्याउन प्रयास गरिने उनको भनाइ छ ।

उपभोक्ता सचेत बनौं

➢अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,

➢त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,

➢सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

कैलाश गाउँपालिका

गाउँ कार्य पालिकाको कार्यालय

प्रदेश सभा बैठक बोलाउन अनाकानी

○ सुनिता विष्ट

मकवानपुर । बागमती प्रदेश सभा झण्डै ३ महिनाभन्दा लामो समयदेखि ठप्प छ । गत असोज ७ गते बैठक बसेयता प्रदेश सभाको बैठक बस्न सकेको छैन।

अन्तिम पटक बसको उक्त दिनको बैठकले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धि विधेयक पारित गरेको थियो। उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङले सदनमा पेश गरेको उक्त विधेयक सर्वसम्मत पारित भयो।

विधेयक पारित भएपछि अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गरिएको प्रदेश सभा सभामुख भुवन पाठकले जानकारी गराए। त्यसको हप्तादिन नबित्दै बर्षे अधिवेशन अन्त्यका लागि मन्त्रिपरिषद् बैठकले प्रदेश प्रमुख समक्ष सिफारिस गरेको थियो। गत असोज १६ गते बुधबार राति १२ बजेदेखि लागू हुनेगरी प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले बर्षे अधिवेशन अन्त्य गरेका थिए। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् बैठकको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने संविधानमा व्यवस्था रहेको छ। जसअनुसार बागमती प्रदेश प्रमुख देवकोटाले नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम प्रदेश मन्त्रिपरिषद्बाट सिफारिस भई आएअनुसार प्रदेश सभाको वर्षे अधिवेशन अन्त्य गरेका हुन्।

त्यसपछि अर्को सूचना नभएसम्मको लागि स्थगित भएको प्रदेश सभा बैठक बस्नेमा अन्यौलता छ। अर्को सूचना नआएसम्मका लागि बैठक स्थगित भएको प्रदेश सभाका सभामुख पाठकले सदनलाई जानकारी गराएको हप्ता दिनपछि अर्थात असोज १५ गते प्रदेश सरकारले वर्षे अधिवेशन अन्त्यका लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो। वर्षे अधिवेशन अन्त्य भएको दुई महिना भन्दा लामो समय बितिसक्दा पनि हिउँदे अधिवेशनको आह्वान गरिएको छैन। झण्डै तीन महिनासम्म प्रदेश सभा सांसदहरू कामविहीन छन्। प्रदेश सभा बैठक नबस्दा सदनमा आफ्ना कुरा राख्न नपाएको उनीहरूको गुनासो छ।

प्रदेश सरकार सदन बोलाउने भन्दा क्याबिनेटबाटै काम चलाउमा लागेको प्रतिपक्ष दलहरुको आरोप छ। लामो समयसम्म सदन नै नबसेपछि आफ्ना निर्वाचन क्षेत्रको समस्याबारे कुरा उठाउन नपाएको सांसदहरुको गुनासो छ। त्यसो त, सरकारको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले गतसाता मात्रै सदन बोलाउन ध्यानाकर्षण पत्र समेत जारी गरेको छ। सरकारले प्रदेश सभा बैठक डाक्न पनि कुनै हतार नगरेको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र बागमती संसदीय दलका नेता शालिकराम जम्मकट्टेलले बताए।

'सरकारका काम मन्त्रिपरिषद्बाटै गर्ने तर सदन नडाकेको प्रति पनि हाम्रो आपत्ति छ', उनले भने,'हामीले त प्रदेश सभा बैठक तुरुन्तै बोलाउन प्रदेश सरकारको ध्यानाकर्षण समेत गराएका छौं। यदि, केहीदिन भित्रै बैठक आव्हान नभए प्रतिपक्षी दलहरु मिलेर संवैधनिक प्रक्रियाबाट सभाको बैठक अघि बढाउन पनि हामी तयार छौं।'

यता, प्रतिपक्षी दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि सरकारले लामो समयसम्म सदन नडाकेको प्रति रुष्ट देखिएको छ। करिब ३ महिनासम्म प्रदेश सभा बैठक नबस्दा सांसदहरु कामबिहिन हुनपरेको राप्रपा संसदीय दलका नेता उद्धव थापा बताउँछन्।

'बहुदलीय व्यवस्थामा संसद हाबी हुनपर्छ' उनले भने, 'तर सरकार सत्तापक्ष भैहाल्यो। प्रतिपक्ष बोल्ने ठाउँ सदन हो। सरकारले सदन बोलाउँदैन। हामीले चर्को दबाव दिइरहेका छौं। हिउँद लागेको छ। चिसो मौसम छ। यो बेला सयौं नागरिकहरु चिसोको मारमा छन्। उनीहरुको लागि सदनबाट आवाज उठाएर पहल गर्नुपर्ने समय छ। तर सरकार मन्त्रीपरिषद्बाटै काम टार्दै आउँछ। प्रतिपक्षीले दिएको दबावलाई नजर अन्दाज गर्ने काम भैरहेको छ।'

सरकारले पुस महिनामा पनि सदन डाक्ने बिषयमा तदारुकता नदेखाए प्रतिपक्षीहरुले नै संवैधानिक व्यवस्था अनुसार सदन बोलाउने नेता थापाले बताए। 'मैले सुनेको त माघ लागेपछि मात्रै सदन डाक्ने भन्ने तयारी सरकार पक्षको छ अरे। जतिसक्दो चाँडो सदन बोलाउन भनेका छौं' उनले थपे, 'यदि, अटेर गरेर विपक्षीका दबावलाई समान्य लिइयो भने नतिजा राम्रो नआउन पनि सक्छ। सदन विपक्षीले भन्दा सत्तापक्षले नै डाकेको राम्रो हो।'

नेकपा एकीकृत समाजवादी बागमती संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनाल प्रदेश सभा बैठक बोलाउने दायित्व सरकारको भएको बताउँछन्। आनो दलले पनि मुख्यमन्त्री बहादुरसिंह लामालाई पटक/पटक सदन डाक्न भन्दै आएको खनालले बताए। 'हामीले हिउँदे अधिवेशन डाक्न ढिलो भयो भनेर पटक/पटक भन्दै आएका छौं। तर उहाँहरु कानमा तेल हाले जसरी बस्नुभएको छ' नेता खनालले भने, 'अझै पनि ढिलो भयो भने दलको साझा धारणा सहित ध्यानाकर्षण पत्र पनि बुझाउँछौं।'

त्यसो त, प्रदेश सरकारका प्रवक्ता सुरजचन्द्र लामिछाने प्रदेश सभा बैठक डाक्ने तयारीमा सरकार लागेको बताउँछन्। जसका लागि छिट्टै हिउँदे अधिवेशन आब्हान हुने प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री समेत रहेका लामिछानेले बताए। प्रदेश सभामा रहेका ७ राजनीतिक दलहरुमध्ये दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले सत्तामा छ। यसअघि १८ महिना प्रदेश सरकारको नेतृत्व सम्हालेको नेकपा माओवादी केन्द्र प्रमुख प्रतिपक्षी दलको भूमिकामा छ।

सहीखबर

विविध

२०८१ पुस ४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

नेकपा (एमाले) हेटौडा नगर कमिटीमा कार्की विजयी

○ सहीखबर संवाददाता



मकवानपुर । नेकपा (एमाले) हेटौडा उपमहानगरपालिका अध्यक्ष पदमा बोलबहादुर कार्की विजयी भए। कुल ३२७ मतमध्ये उनले १७६ मत प्राप्त गरी जीत हासिल गरे, जबकि उनका प्रतिष्पर्धी जेन श्रेष्ठले १३३ मत प्राप्त गरी पराजित भएका छन्।

यसैगरी उपाध्यक्षमा राजकुमार बास्तोला १४३ मत प्राप्त गरी विजय भएका छन् । उनका निकटतम प्रतिष्पर्धी धनबहादुर मुक्तानले ७४ र इन्द्रप्रसाद खतिवडा ६८ मत प्राप्त गरे । यस्तै सचिव पदमा शान्ता गौतम (प्रदिप) १९७ मत प्राप्त विजय हुँदा प्रतिष्पर्धी प्रकाश बाँनिया ८७ मत प्राप्त गरे ।

यसैगरी नगर कमिटि उप सचिवमा शान्ता कुमार तामाङ ७४ मतका साथ विजय हुँदा उक्त पदका उम्मेदवार सुरेश मिजारले ६७ मत, कवि रेग्मीले ४१ मत, शिवबहादुर थापाले ३९ मत, भिमप्रसाद तिमल्सिनाले ३४ मत र अर्जुन प्रसाद अर्यालले ३१ मत प्राप्त गरेका छन् ।

यस्तै महिला उप सचिव पदमा चन्द्रावती पनेरु अधिकारी १४६ मत प्राप्त गरी विजय भएका छन् । उनका निकटतम प्रतिष्पर्धी रन्जिता सिलवालले ७९ मत प्राप्त गरिन् भने अर्का उम्मेदवार जुना दंगालले ६९ मत प्राप्त गरेकी छिन् ।

मंसिर २९ गतेदेखि भएको एमाले हेटौंडाको नगर अधिवेशनमा नेतृत्व चयनका लागि मतदान भएको हो । सोमबारको मतदानले २१ सदस्यीय हेटौंडा उपमहानगर कमिटी चयन गर्नेछ । नगरका ३३४ प्रतिनिधि मध्ये ३२७ जनाले मतदान गरे ।

७ जना प्रतिनिधिले मतदानमा सभागिता जनाएनन् । अध्यक्ष पदमा २ सहित पदाधीकारीमा १६ जनाको उम्मेदावरी कायम भएको थियो ।

नगर अध्यक्ष पदमा उम्मेदवारी दिएका इन्द्र नेपाल र नवराज खतिवडाले उम्मेदवारी फिर्ता लिए पछि कार्की र श्रेष्ठले प्रतिष्पर्धा भएको थियो । अधिवेशनले पदाधिकारीमा विजयी ५ सहित ८१ सदस्यीय कमिटिको चयन गरेको छ ।

पदाधिकारी ५ पदमा मात्रै निर्वाचन भएको हो । अन्य पदमा भने सर्वसम्मत निर्वाचित भएका छन् ।

उत्कृष्ट २० कवि छनौट

○ सहीखबर संवाददाता



मकवानपुर । राष्ट्रिय युवा कविता उत्सव २०८१ मा हुने खुला कविता प्रतियोगिताको लागि उत्कृष्ट २० वटा कविता तथा कविको नामावली सार्वजनिक गरिएको छ ।

प्रदेश युवा परिषद्, बागमतीको आयोजना एवम् साहित्य संगम मकवानपुरको व्यवस्थापनमा हुने उक्त उत्सव अन्तरगत खुला कविता प्रतियोगिताको लागि साहित्य संगम मकवानपुरले २० वटा कविता तथा कविका नाम सार्वजनिक गरेको हो । संगम मकवानपुरले पूर्वप्रकाशित सूचना बमोजिम प्राप्त २२३ कविताहरूमध्ये उत्कृष्ट २० मा पर्न सफल कविता र कविहरूको नामावली वर्णानुक्रमानुसार प्रकाशन गरिएको जनाएको छ ।

उत्कृष्ट २० मा अग्रिमा शिवाकोटी मकवानपुर को रित्तिदैछ देश, अभिषेक ओझा बाराको विसंवाद, कुष्मा लौडारी मकवानपुरको डिजिटल संसारको मायाजाल, तारानाथ पराजुली पर्वतको पागल प्रकृतिप्रेमीको बयान, दीपिन सिंजापति दैलेखको आकाक्षा, प्रदीप कोइराला तनहुँको म, बाबुराम श्रेष्ठ यात्री सिन्धुलीको आमा, देश र माटो, भरत थापा धनकुटाको हर्कमाया दर्जी र झन्डाको व्यापार, भीमप्रसाद खतिवडा अनुराग दोलखाको जीवन एक पाठशाला शिर्षकको कविता छनौट परेको संगम अध्यक्ष डीबी बर्तौलाले जानकारी दिए ।

यसैगरी महेश कठायत बझाङको देश, रञ्जिता अधिकारी धादिङको परिवर्तन लेख्ने हातहरु, राजु झल्लु प्रसाद धादिङको खिया, रुपा ढुङ्गेल मकवानपुर को म शिक्षा मन्त्री भए, संयोग बस्याल कास्कीको सावधान, सिजन श्रेष्ठ संखुवासभाको उर्वशी, सुदर्शन पौडेल कास्कीको घर नफर्किएको छोराको सम्झनामा, सुन्दर शिरिष सिन्धुपाल्चोकको जहाज चढ्न मन छैन आमा, सुबास सजल मकवानपुरको डरलाग्दो अन्त्य मानव सभ्यताको, सुमित्रा सुमी नुवाकोटको बुद्ध आऊ,सुमित्रा पोखरेल उदयपुरको समदर्शक यन्त्रको पर्दा नियाल्दा शिर्षकका कविता छनौटमा परेको अध्यक्ष बर्तौलाले बताए ।

प्रतियोगितामा प्रथम,द्वितीय, तृतीय र सान्त्वना पुरस्कारको व्यवस्था गरिएको छ । संगम सचिव मनोज पोखरेलका अनुसार प्रथम पुरस्कार ४० हजार रुपैयाँ, द्वितीय पुरस्कार ३० हजार रुपैयाँ, तृतीय पुर स्कार २० हजार रुपैया र सान्त्वना पुरस्कार १० हजार रुपैयाँ रहेको छ । जुनसुकै विषयका मौलिक कविताले प्रतियोगिताको लागि पठाउन ४० वर्ष उमेर पुरा नभएका युवाले मात्र भाग लिन पाउने गरी संगमले सूचना प्रकाशित गरेको थियो ।प्रतियोगिताको लागि पहिलो सूचना प्रकाशित गर्दा समय सिमा २० मंसिर रहेकोमा १ हप्ता म्याद थप गरिएको थियो ।

२७ मंसिरको तोकिएको समयसम्म प्राप्त कविका कविता मध्येबाट उत्कृष्ट २० कविता र कविको नामावली प्रकाशन गरिएको हो । उत्कृष्ट २० मा पर्न सफल कविहरूबिच ६ पौष शनिबार हेटौंडामा अन्तिम चरणको प्रतियोगिता आयोजना गरिने सचिव पोखरेलले जानकारी दिए । उनका अनुसार अन्तिम प्रतियोगितामा कवि स्वयं उपस्थित भई कविता वाचन गर्नु पर्नेछ ।

प्रदेश लिग फुटबल प्रतियोगिता १० पुसबाट

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश लिग फुटबल प्रतियोगिता १० पुस २०८१ बाट हुने भएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) को वार्षिक कार्यक्रम अनुसार बागमती प्रदेश फुटबल संघको आयोजनामा हेटौंडामा दोस्रो संस्करणको प्रदेश लिग फुटबल प्रतियोगिता हुने भएको हो ।

मंगलबार हेटौंडामा पत्रकार भेटघाटको गर्दै प्रतियोगिता जानकारी प्रदेश फुटबल संघ महासचिव लवराज ठकुरीले दिए । प्रतियोगितामा बागमती प्रदेशका ११ वटा जिल्लाको सहभागिता रहने ठकुरीले बताए ।

प्रतियोगितामा मकवानपुरको पदमपोखरी युथ क्लबसहित काठमाडौंको चित्लाङ फुटबल क्लब, सिन्धुलीको ब्लु अल्पलाईन क्लब, दोलखाको टाइगर टिम तिखालाल, धादिङको धुनिवासी युवा समाज, नुवाकोट बटार युथ क्लब, सिन्धुपाल्चोकको चौतारा स्पोर्टस् क्लब, चितवनको बीएफसी क्लब, ललितपुर र काभ्रेको माउण्ट एभरेष्ट फुटबल क्लब सहभागी हुनेछ ।

प्रतियोगिताको उद्घाटन खेल काठमाडौंको चित्लाङ फुटबल क्लब र काभ्रेपलाञ्चोकको माउण्ट एभरेष्ट फुटबल क्लब बीच हुनेछ । ११ जिल्लामा भएको जिल्ला लिग फुटबल प्रतियोगिताको उपाधि विजेता टिमहरुको प्रतियोगिता सहभागिता रहनेछ ।

प्रदेश लिग फुटबल प्रतियोगिता लिग कम नक आउट प्रणालीमा सञ्चालन हुने बताइएको छ । प्रतियोगितामा अखिल नेपाल फुटबल संघ (एन्फा) को प्रमुख सहयोग र हेटौंडा उपमहानगरपालिका तथा बागमती प्रदेश खेलकुद विकास परिषद्को सहयोग र हने महासचिव ठकुरीले जानकारी दिए ।

प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन् । यसैगरी उपविजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुर स्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । प्रतियोगिता आयोजनाका लागि करिब ३१ लाख रुपैयाँको बजेट खर्च हुने अनुमान गरिएको छ ।

पत्रकार सम्मेलनमा प्रदेश खेलकुद विकास परि षद्का सदस्यसचिव दीपक लामा, एन्फाका केन्द्रीय सदस्य एवम् जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामा, प्रदेश फुटबल संघका कार्यवहाक अध्यक्ष राजिव बस्नेतको उपस्थिती रहेको थियो ।

यसैगरी जिल्लाका उपाध्यक्ष युवराज लामा, महासचिव छवी सुवेदी, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाको उपस्थिति रहेको थियो ।

चिसोबाट बचौ

☞ जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔ,

☞ तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,

☞ घर तथा कोठा न्यानो बनाऔ,

☞ बालबालिका तथा बद्धलाई तेल मालिस गरिदिऔं

☞ बढी चिसोमा मनिङ वाक नगरौं,

☞ दैनिक घाम ताप्ने गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड